## विपन्नको चुल्होमा स्थानीय सरकार कार्यक्रम सञ्चालन कार्यविधि – २०८१

**प्रस्तावनाः-** प्यूठान नगरपालिका क्षेत्रभित्र वसोबास गर्ने आर्थिक रुपमा कमजोर र सामाजिक रुपमा पछाडी परेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, अशख्त नागरिक, ज्येष्ठ नागरिक तथा विपद् मनामारी वा संकटग्रस्त अवस्थाका व्यक्ति तथा गरिव वर्गहरुलाई आधारभूत खाद्यान्न र व्यक्ति तथा गरिव वर्गहरुलाई आधारभूत खाद्यान्न र पोषण सुरक्षामा सहयोग गर्न बाञ्छनीय भएकोले प्यूठान नगरपालिका नगरकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "विपन्नको चुल्होमा स्थानीय सरकार कार्यक्रम सञ्चालन कार्यबिधी- २०८१" निर्माण गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भः
   (क) यो कार्यविधिको नाम " विपन्नको चुल्होमा स्थानीय सरकार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।
   (ख) यो कार्यविधी प्यूठान नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी नगर क्षेत्रभर लागू हुनेछ ।
२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यबिधिमा
   (क) "नगरपालिका" भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ।
   (ख) "कार्यपालिका" भन्नाले प्यूठान नगरपालिका नगरकार्यपालिका सम्झनु पर्दछ।
   (ग) "नगरप्रमुख" भन्नाले प्यूठान नगरपालिकाको नगरप्रमुख सम्झनु पर्दछ।
   (घ) "नगर उपप्रमुख" भन्नाले प्यूठान नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।
   (ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।
   (च) "पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा " भन्नाले प्यूठान नगरपालिकाको पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा सम्झनु पर्दछ।
   (छ) " पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा को शाखाप्रमुख सम्झनु पर्दछ।

### परिच्छेद – २

### उद्देश्य

३. प्यूठान नगरपालिका क्षेत्रमा सञ्चालन हुने विपन्नको चुल्होमा स्थानीय सरकार कार्यक्रमका उद्देश्यहरु देहाय वमोजिम रहेका छन।
   (क) विपन्न नागरिकलाई आधारभूत खाद्यान्न उपलब्ध गराउने
   (ख) गरिवी र खाद्य असुरक्षाको तत्काल समाधान गर्न सहयोग पुर्याउने
   (ग) प्राकृतिक प्रकोप, महामारी वा संकटमा परेका परिवारहरुलाई राहत दिने
   (घ) स्थानीय सरकार र नागरिक विच सघन सम्बन्ध स्थापना गरी नागरिकहरुमा सरकारको अनुभूति गराउने।

४. **लक्षित समूहको पहिचान र सूचीकरणः** प्यूठान नगरपालिकाको रोजगारमा सहभागी भई ज्याला पाउन शारिरिक र मानसिक रुपले असक्षम एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, विपद् वा संकटमा परेका नागरिकहरुको छनौट देहाय वमोजिम हुनेछ ।

(क) नगरपालिका क्षेत्रभर कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकाको कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

(ख) वडा कार्यालयबाट आफ्नो वडाभित्रका आर्थिक रुपमा कमजोर, सिमान्तकृत र बेरोजगार व्यक्ति तथा परिवार तथा महामारी प्राकृतिक विपत्ती वा अन्य कारणले प्रभावित अति विपन्न नागरिकहरु छनौट गरिनेछ ।

(ग) वडाभित्र छनौट एका विपन्न नागरिकहरुको विवरण वडा कार्यालयमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको रोहवरमा वडाभित्र क्रियाशिल राजनीतिक दलहरु, नागरिक समाज, गैर सरकारी संस्थाका प्रतिनिधिहरु, सहकारी संस्थाका प्रतिनिधिहरु, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक र वडाका निर्वाचित जनप्रतिनिधीहरुको उपस्थितिमा सार्वजनिक गरिनेछ ।

(घ) उपनियम(ग) बमोजिम सार्वजनिक सुनुवाई हुँदा यस कार्यक्रममा छनौट हुन अयोग्य व्यक्तिको नाम हटाउने र छुटेका योग्य व्यक्तिहरुको नाम समावेश गरिनेछ ।

(ङ) वडामा अन्तिम रुपमा छनौट भएका विपन्न नागरिकहरुको सूचीलाई वडा समितिको बैठकबाट निर्णय र प्राथमिकता निर्धारण गरी प्यूठान नगरपालिकाको पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखामा पठाउनु पर्नेछ ।

(च) वडाहरुबाट प्राप्त लक्षित वर्गको सूचीबाट नगरपालिकाले स्रोत साधनको उपलब्धता हेरी प्राथमिकताको आधारमा नगद वा खाद्यान्न प्रदान गरिनेछ ।

(छ) वडामा अन्तिम रुपमा छनौट भएका विपन्न नागरिकहरुको सूचीलाई वडा समितिको बैठकबाट निर्णय र प्राथमिकता निर्धारण गरी प्यूठान नगरपालिकाको पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखामा पठाउनु पर्नेछ ।

(ज) वडाहरुबाट प्राप्त लक्षित वर्गको सूचीबाट नगरपालिकाले स्रोत साधनको उपलब्धता हेरी प्राथमिकताको आधारमा लाभग्राही छनौट र पहिचान गरिनेछ ।

## परिच्छेद-३

५. **वितरण प्रकृया**

कार्यविधीको नियम (४) बमोजिम लक्षित समूहको पहिचान र सूचिकरण पश्चात देहायको सामग्री वा नगदै वितरण गरिनेछ ।

(क) नगरपालिकाको विनियोजित बजेट बमोजिम समानुपातिक वितरण गर्दा प्राप्त हुने नगद वा,

(ख) चामल, दाल, नुन, तेल तथा अन्य अत्यावश्यक खाद्य सामग्री ।

(ग) पोषणयुक्त खाद्यान्न- अण्डा, मह, दुध पाउडर, पोषिलो विस्कुट

(घ) स्थानीय तहमा उत्पादित अन्य खाद्य सामग्रीहरु (रैथाने बालीहरु)

## परिच्छेद – ४
## समिति सम्बन्धी व्यवस्था

नगरपालिका क्षेत्रभित्र सञ्चालन विपन्नको चुल्होमा स्थानीय सरकार कार्यक्रम व्यवस्थापन गर्नका नगरस्तर तथा वडा स्तरमा लागि नगरस्तरमा देहाय बमोजिमका समितिको व्यवस्था रहनेछ।

**६.नगर स्तरीय समितिः**

१. नगर प्रमुख – संयोजक
२. नगर उपप्रमुख – सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत – सदस्य
४. जिन्सी शाखा प्रमुख – सदस्य
५. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
६. पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा प्रमुख – सदस्य सचिव

**७.वडास्तरीय समितिः-**

१. सम्बन्धित वडाको वडाध्यक्ष – संयोजक
२. वडा समितिका सदस्यहरु(सवै) – सदस्य
३. वडाभित्रको सामुदायिक विद्यालयको वरिष्ठतम प्रधानाध्यापक – सदस्य
४. वडा सचिव – सदस्य सचिव

**८.नगर स्तरीय र वडा स्तरीय समितको काम कर्तव्य र अधिकार**

(क) नगरपालिका भित्रका विपन्न नागरिकको चुल्होमा स्थानीय सरकार कार्यक्रमको लागि लक्षित वर्ग छनौट गर्ने र लक्षित वर्ग छनौट गर्न वडा कार्यालयलाई सहयोग गर्ने।
(ख) वितरण गरिने सामग्रीहरुको बास्केट सिफारिस गर्ने।
(ग) कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्या समाधान गरी सहजीकरण गर्ने।
(घ) वडा समितिले वडामा सर्वपक्षीय सर्वदलीय भेला आयोजना गरी लक्षित वर्गको छनौट गर्ने।
(ङ) विपन्न (लक्षित) वडावासीहरु छनौट र वडासमितिबाट अनुमोदन गरी नगरपालिकामा पठाउने।

**९.खाद्यान्न वा नगद वितरण प्रकृयाः**

(क) विपन्न नागरिकको चुल्होमा स्थानीय सरकार कार्यक्रमको सामाजिक सुरक्षा नगदमा प्रदान गर्ने भए लाभग्राहीहरुको बैङ्क खाता मार्फत गरिनेछ।
(ख) विपन्न नागरिकको चुल्होमा स्थानीय सरकार कार्यक्रम अन्तर्गत खाद्यान्न तथा पोषक तत्वहरु वितरण जिन्सी शाखा संगको समन्वयमा सम्बन्धीत वडाले वडा कार्यालय मार्फत भरपाई गरी गर्नेछ ।

**१०.कार्यक्रमको प्रभावकारीताको अनुगमन मूल्याङ्कन:** विपन्नको चुल्होमा स्थानीय सरकार कार्यक्रमको प्रभावकारिताको सम्बन्धमा वडा कार्यालय र नगरपालिकाको तर्फबाट अनुगमन हुनेछ।

## परिच्छेद ५

## विविध

**११.निर्देशन दिन सक्ने:** यस कार्यबिधिको प्रयोगमा बाधा अड्चन वा कार्यबिधीले समेटन नसकेका विषय बस्तुहरुमा निर्णय गर्नुपरेमा नगर स्तरीय समितिको सिफारिस बमोजिम नगरकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।